ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

२४, २५ र २६ कार्तिक, २०७४। वीरगञ्ज, पर्सा

**प्रस्ताव क्रमाङ्क -१**

**शिक्षा ऐन २०२८ को नवौं संशोधनको पुनःमूल्यांकन गरियोस्।**

राष्ट्रको समग्र एवं सर्वाङ्गीण विकासमा शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। शिक्षा विकासको आधार हो र शिक्षाले नै दिगो विकासका लागि अहम् भूमिका खेलेको हुन्छ। शिक्षाले व्यक्ति, समाज र राष्ट्रको संस्कार रीतिवाज, परम्परा र मूल्यमान्यता एवं सामाजिक, आर्थिक तथा राजनीतिक विकास दरिलो बनाउन आधारस्तम्भ तयार गरेको हुन्छ। कुनै पनि राष्ट्रको विकास र समृद्धिको लागि त्यस राष्ट्रको शिक्षाप्रणाली, देशको भूगोल, जनसंख्या र आवश्यक जनशक्ति अनुकुल हुन अपरिहार्य छ। राष्ट्रको सर्वाङ्गीण विकासका लागि दक्ष जनशक्ति निर्माण गर्दै शिक्षाक्षेत्रमा आवश्यक सुधारका लागि यी निम्नानुसारका विषयहरुप्रति गम्भीर बन्दै कार्यान्वयनको दिशामा अग्रसर हुनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षामन्त्रालय तथा विश्वविद्यालय समक्ष निम्न मागहरु प्रस्तुत गर्दछ।

- वर्तमान अवस्थामा शिक्षा ऐन २०२८ नवौं संशोधनको समर्थन विरोध क्रिया प्रतिक्रियाहरु उत्पन्न भएका छन्। कुनै पनि नीतिमाथि चर्चा हुनु राम्रो हो तर विडम्बना नीति निर्माण भएपछि मात्र बहस एवं छलफलहरु हुनुले त्यसको नियतमाथि प्रश्न खडा गर्दछ र शिक्षा ऐनको नवौं संशोधनले पनि सोही कुरालाई संकेत गरिरहेको छ। शिक्ष ऐन २०२८ को नवौं संशोधन २०७४ ले खुल्ला प्रतिस्पर्धाको बाटो साँघुरो बनाउँदै (खुल्ला विज्ञापनबाट २५% र आन्तरिक विज्ञापनबाट ७५%) तथा खुल्ला विज्ञापनको वस्तुगत प्रश्न २० ओटा र आन्तरिक विज्ञापनको वस्तुगत प्रश्न ४० ओटा तय गरिएको छ। जसले परीक्षा नदिई सुविधा लिएर बस्छु भन्ने अस्थायी शिक्षकलाई पनि स्थायी शिक्षक बनाउने विकल्प तयार गर्नुले शिक्षण पेशामा जसरी पनि आफ्ना राजनीतिक कार्यकर्तालाई जसरी पनि प्रवेश गराउने राजनीतिक दलको नियत स्पष्ट देखिन्छ। जसले गर्दा शिक्षण पेशामा योग्य व्यक्ति भित्रिन नदिने, राजनीतिक पँहुचका आधारमा कुनै पनि प्रतिष्पर्धा विना प्रवेश गरेका शिक्षक नै पुन स्थायी बन्ने वातावरण सिर्जना भएको छ र यसले आज शैक्षिक क्षेत्रमा पनि हलचल उत्पन्न गरेको छ, प्रमाणपत्र लिएर बसेका योग्य शिक्षकको भविष्यलाई धरासायी बनाएको छ। लाखौं विद्यार्थीको भविष्यमाथि बञ्चरो हान्ने कार्य भइरहेको छ। तसर्थ यो विधेयक माथि पुनः मूल्यांकन गर्दै अस्थायी शिक्षकको प्रावधानलाई नै हटाउने र अस्थायी शिक्षकको समस्याको व्यवस्थापन गर्दै नयाँ शिक्षकको नियुक्ति प्रक्रियालाई सहज र प्रभावकारी बनाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ।

- नेपालको नयाँ संविधान २०७२ ले पनि सबै नेपाली नागरिकहरुको आधारभूत स्वाथ्य सेवा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ र आज सम्म पनि कर्णाली लगायत दुर्गम ठाँउमा सिटामोल पनि नपाएर ज्यान गुमाउनु परेको तितो यथार्थ हाम्रा सामु छँदैछ। स्वाथ्य जनशक्तिको उत्पादन र उपयोगका सन्दर्भमा प्रा. डा. केदारभक्त माथेमाको संयोजकत्वमा चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा उच्चस्तरीय कार्यदल बन्यो र सो कार्यदलले चिकित्सा क्षेत्रको समग्र सुधारका लागि प्रतिवेदन तयार पार्‍यो सो प्रतिवेदनमा उल्लेखित विषयहरुलाई कार्यान्वयन नगराउनुले सरकारको गैर जिम्मेवारीपन छर्लङ्ग भएको छ तसर्थ नेपाल सरकारलाई प्रतिवेदनमा चिकित्साक्षेत्रमा सुधार गुर्नुपर्ने सम्पूर्ण कुराहरुलाई तुरून्त कार्यान्वयन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक जोडदार माग गर्दछ।

- कुनै पनि व्यक्ति, समाज र राष्ट्रका लागि आफ्नो इतिहास, भूगोल र संस्कृतिको बारेमा ज्ञान हुनु महत्वपूर्ण हुन्छ र आफ्नो देशको इतिहास, भूगोल र संस्कृतिको बारेमा जानकारी हुँदा हरेक व्यक्तिले स्वयंप्रति र आफ्नो देशप्रति गर्व गर्न सक्छ। नेपालका पाठ्यक्रममा विदेशीको इतिहास, भूगोल र संस्कृति पढाइनुको कुनै तुक छैन। त्यसको सट्टा हाम्रो देशको इतिहास, भूगोल र संस्कृति विषयलाई पाठ्यक्रममा अनिवार्य गराउन र एस.ई.ई परीक्षामा कम ग्रेड ल्याउने विद्यार्थीहरुलाई शिक्षा र मानविकी संकायमा भर्ना हुने वातावरणको अन्त्य गर्नका लागि प्रवेश परीक्षा अनिवार्य तथा कडाई गर्न र प्रवेश परीक्षा उर्त्तीण गर्न नसक्ने विद्यार्थीहरुलाई CTEVT को सिपमूलक प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ।

- विगत केही समयदेखि विश्वविद्यालयका विभिन्न आङ्गिक क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरु शुरूमा अत्यधिक भर्ना हुने र पछि गएर विद्यार्थीको संख्या घट्दै जाने परिस्थितिले त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुमा शिक्षक र विद्यार्थीहरुको अनुपात असन्तुलित भइरहेको छ। कुनै क्याम्पसमा विद्यार्थी संख्या धेरै शिक्षक संख्या कम र कुनै क्याम्पसमा

शिक्षक संख्या बढि र विद्यार्थी संख्या कम भएको छ । तसर्थ विश्वविद्यालयले यसको अनुगमन गर्दै 'एक क्याम्पस एक विषय विशेष' नीति तय गर्दै (जस्तै पत्रकारिताको लागि आर.आर.) शिक्षकको अनावश्यक दरबन्दी र खाली रहेको विषय एवं संकाय व्यवस्थापथन गर्न र विश्वविद्यालयले दिने छात्रवृत्ति पहुँचका आधारमा राजनितिक दल निकट विद्यार्थी संगठनले गर्ने भागबन्डाको आधारमा वितरण गर्ने परिपाटिलाई अन्य गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकार, त्रिभुवन विश्वविद्यालय तथा क्याम्पस समक्ष जोडदार माग गर्दछ ।

- विश्वविद्यालयले दिने शिक्षाको गुणस्तर कमजोर, अव्यावहारिक र बेरोजगार उत्पादन गर्ने कारखाना बन्दै गएको देखिन्छ । साथै +२ पास गर्ने र आइईएलटिएस्, टोफेल, जापनिज भाषा, कोरियन भाषा आदि सिकेर विद्यार्थी भिसामा अधिकांश विद्यार्थीहरु विदेश पलायन भइरहेकाछन् । यसरी देशको युवाशक्तिहरु दिनप्रतिदिन विदेश पलायन हुनुले देशमा युवाको खडेरी पर्ने अनुमान गर्न सकिन्छ । तसर्थ यस्तो समस्या समाधानको लागि पाठ्यक्रममा परिमार्जन गर्दै, देशको आवश्यकता र रोजगारमूलक पाठ्यक्रम निर्माण गर्दै देशको युवाजनशक्तिलाई राष्ट्रहितमा प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्न परिषद् हार्दिक आग्रह गर्दछ । साथै व्यावसायिक शिक्षाको लागि सि.टि.इ.भिटि लाई अझ प्रभावकारी र व्यवस्थित बनाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

- भारतीय चार्टर्ड एकाउन्टेन्सी संस्था (ICAI) ले नेपालमा अध्ययन गरेका विद्यार्थीलाई भारतमा मान्यता नदिएकोले, नेपालको चार्टर्ड एकाउन्टेन्ट संस्था (ICAN) को ९ असार २०७४ मा बसेको बैठकले भारतमा १ साउन २०७५ पछि भर्ना भई CA उत्तीर्ण गरेका विद्यार्थीलाई नेपालमा मान्यता नदिने निर्णय गरेको छ यसले गर्दा असहज परिस्थिति सिर्जना भएको छ ICAN ले नेपालमा CA कोर्सको गुणस्तर बृद्धि गर्ने र नेपाली विद्यार्थी र भारतीय चार्टर्ड एकाउन्टेन्सी संस्थालाई गुणस्तर बनाएको छाप दिई नेपाली विद्यार्थीलाई नेपालमै सिए अध्ययन गर्ने वतावरण मिलाउनका लागि र नेपालमा पढेका विद्यार्थीलाई पनि ICAI मा मान्यता दिलाउन र ICAN ले पनि ICAI मा अध्ययन गरेकालाई मान्यता दिने व्यवस्था मिलाउनको लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक जोडदार माग गर्दछ ।

- नेपालको पुरानो तथा जेठो प्राज्ञिक व्यक्तित्व निमार्ण गर्ने जननी त्रिभुवन विश्वविद्यालयका आंशिक प्राध्यापकहरुको समस्या समाधानका लागि त्रिभुवन विश्वविद्यालयले आवश्यक पद पूर्तिका लागि नियमित विज्ञापन गरी नियुक्ति गर्ने वातावरण मिलाउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग नेपाल सरकार शिक्षा मन्त्रालय र अर्थमन्त्रालय सँग जोडदार माग गर्दछ ।

नेपाल आमाको-जय !

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

२४, २५ र २६ कार्तिक, २०७४ । वीरगञ्ज, पर्सा

**प्रस्ताव क्रमाङ्क -२**

**"लोकतन्त्रको मूल्य र मान्यताको रक्षा एवं देशको समृद्धिका लागि प्रदेश एवं प्रतिनिधिसभा महत्वपूर्ण बनोस्"**

नेपालको राजनीतिक परिवर्तन लोकतन्त्रको स्थापना र लामो समयपछि प्राप्त भएको नेपालको नयाँ संविधानबाट आम नेपाली जनताले उत्साह र थुप्रै महत्वकांक्षी अपेक्षाहरु राखेका थिए नयाँ संविधानको कार्यान्वयन कै प्रक्रियामा करिब २० बर्ष पछि स्थानीय तहको निर्वाचन नेपालको एक राष्ट्रिय पर्वकै रुपमा सम्पन्न भयो । स्थानीय तहको निर्वाचन सम्पन्न गराउन सफल भएकोमा निर्वाचन आयोग, नेपाल सरकार, सुरक्षा निकाय, विभिन्न सामाजिक संघसंगठन, सञ्चार माध्यम र आममतदाताहरुलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक धन्यवाद ज्ञापन गर्दछ र आगामी मंसीरमा सम्पन्न हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन निष्पक्ष, भयरहित लोकतान्त्रिक र व्यापक जनसहभागिताका साथ सम्पन्न गराउनका लागि नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल सञ्चारमाध्यम, सुरक्षा निकाय एवं आम नेपालीहरुलाई हार्दिक आह्वान गर्दछ ।

- नेपाल संघीय संरचनामा प्रवेश गर्दै गइरहेको छ । यही मंसीरमा प्रदेश र प्रतिनिधिसभाको निर्वाचन पनि सम्पन्न हुँदैछ । आजका मिति सम्म पनि नेपाल सरकारले प्रदेश सञ्चालनको लागि कुनै पनि किसिमको तयारी नगर्नु र सरकारको त्यो दिशामा ध्यान नहुनुले राजनीतिक दलको गैरजिम्मेवारपूर्ण चरित्र र निरिहपन प्रष्ट भएको छ तसर्थ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सातै प्रदेशको राजधानी उपयुक्त स्थानमा तय गरी उक्त प्रदेश संचालनका लागि प्रदेश प्रमुख तथा आवश्यक पर्ने भौतिक पूर्वाधार एवं स्रोत साधनको व्यवस्थापन गर्नको लागि आग्रह गर्दछ ।

- आगामी प्रदेशसभा र प्रतिनिधिसभालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि मतदाता जागरण अभियानमार्फत् मतदाता शिक्षालाई प्रभावकारी बनाउन सक्रिय भूमिका निर्वाह गर्न सम्पूर्ण राजनीतिक दल, निर्वाचन आयोग, सामाजिक संघसंगठन सबैलाई हार्दिक अनुरोध गर्दछौं । साथै निर्वाचन आयोगको निर्वाचन आचार संहिताको पूर्ण पालना गर्नका लागि सम्पूर्ण राजनीतिक दल, विभिन्न संघसस्था एवं आम नागरिकलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हार्दिक अनुरोध गर्दछ ।

- वर्तमान समयमा नेपालमा वामदल र लोकतान्त्रिक दलको चुनावी तालमेल र गठबन्धन स्वाभाविक भए पनि विभिन्न राजनीतिक नेतृत्व एवं कार्यकर्ताहरुका अभिव्यक्तिहरु, लोकतान्त्रिक र वामगठबन्धन बीचको ध्रुवीकरणलाई चिन्तनमनन गर्दा नेपालको लोकतन्त्रलाई कमजोर बनाउने र फेरि पनि एक दल एक विचार र एक संस्थामार्फत् देशलाई निरङ्कुशतातर्फ बढाउने संकेत देखिएकोले यस विषयलाई गम्भीरताका साथ लिनका लागि विभिन्न प्रकारका सामाजिक संघसंगठन, प्राज्ञिक वर्ग, नेपाल सरकार एवं आम मतदाता तथा नागरिकहरुलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हार्दिक अपिल गर्दछ ।

- भर्खरै कार्तिक ११ गते सप्तरीबाट काठमाडौं आइरहेको बस धादिंगमा दुर्घटना भई दर्जनौको ज्यान जानु, गुल्मी, पाल्पा आदि स्थानमा भएका सडक दुर्घटनाका उदाहरणले नेपालको सडक यात्रा अत्यन्तै कष्टकर र भयपूर्ण रहेको पुष्टी गरीरहेको छ । प्रहरीको तथ्यांक अनुसार एक वर्ष भित्रमा मात्रै त्रिशुलीमा ३० सवारी साधन खसेर ७५ जनाको मृत्यु भइसकेको छ भने ३० जना अझै बेपत्ता छन् । जस प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल यो केन्द्रीय कार्यकारिणी समिति बैठक हार्दिक समवेदना र श्रद्धाञ्जली अर्पण गर्दै यस्ता घटनाप्रति नेपाल सरकार, यातायात व्यवस्था विभागको गम्भीर ध्यानाकर्षण गराउँदै यस्ता घटनाको न्यूनीकरणका लागि प्रशासन, यातायात व्यवस्था विभाग, सडक विभाग गम्भीर बन्दै कठिन र दूर्घटनाग्रस्त क्षेत्रको पहिचान गरी त्यसको दीर्घकालीन समाधान खोज्नका लागि र ट्राफिक नियममा कडाई गर्नका लागि समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक सरकारसमक्ष जोडदार माग गर्दछ ।

- यातायात व्यवस्था विभागद्वारा वितरण हुने सवारी चालक अनुमति पत्र वितरणमा भएको ढिलाई तथा अनियमितता र यातायात व्यवस्था विभागका कर्मचारीहरुको व्यवहारलाई हेर्दा सरकारले जनतालाई सेवा दिने भन्दा पनि दु:ख दिने प्रवृति देखिएको छ । यस समस्याको तुरून्त समाधानका लागि स्मार्ट कार्ड छपाईमा शिघ्रता ल्याई तुरुन्त सवारी चालक अनुमति पत्र वितरणलाई व्यवस्थित गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक जोडदार माग गर्दछ ।

- राष्ट्र भाषा नेपाली भएको देशमा पश्चिमा देशहरुको इसारामा नेपाली सवारी साधनहरुको नम्बर प्लेटमा नेपाली भाषा नचल्ने बनाइनुले नेपाली भाषा माथिको आक्रमण प्रष्ट छ । यस विषयप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल गम्भिर आपत्ति प्रकट गर्दछ । नेपाली भाषा र सभ्यतालाई नै नष्ट गर्ने कुत्सित षड्यन्त्रपूर्ण यो निर्णय तुरुन्त सच्चाइ सवारी साधनहरुको नम्बर प्लेट नेपाली वर्णमा मात्रै चल्ने बनाउनको लागि सोही प्रकारको प्रविधिको विकास गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

- २०६२/०६३ को जनआन्दोलन पछि धर्म निरपेक्षताको आडमा लोभ र प्रलोभनका आधारमा फैलिँदै गरेको धर्म परिवर्तन संगै यहाँका स्थानीय एवं जातिगत भाषा, संस्कृति, सभ्यता, मूल्य मान्यतामाथि संकट उत्पन्न भइरहेको थियो । धादिङ्गका तामाङ्ग, दाङ्गको चौधरी, चितवनको चेपांग बस्तीमा बढ्दो धर्मान्तरणले त्यो समाजको अस्तित्व नै संकटमा परिरहेको छ । यस्तो गलत, देशको पहिचान र राष्ट्रियतामाथिको आक्रमण रोक्न नेपाल सरकारले कार्तिक ११ गते धर्मपरिवर्तनलाई फौजदारी अपराध बनाएको छ । जस अन्तर्गत नयाँ कानुनको  एक दफामा कसैले पनि धर्मान्तरणमा संलग्न हुन वा त्यसका लागि प्रोत्साहन गर्न हुँदैन भनी ५ बर्ष  कारगार सजाय तथा पचास हजार जरिवानाको व्यवस्था गरिएको छ यदि विदेशीहरु धर्मपरिवर्तनमा संलग्न पाइएमा काराबास सजाय भोगेको सात दिन भित्र देश निकाला गरिने उल्लेख छ । धर्मनिरपेक्षेता घोषणा गरिएको एक दशक र नयाँ संविधान बनेको २ वर्ष पछि नेपाल सरकारले बनाएको यस महत्वपूर्ण फौजदारी अपराध ऐन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हर्दिक स्वागत गर्दै यसको कार्यान्वयन प्रभावकारी रुपमा होस् हार्दिक आग्रह गर्दछ । ।

नेपाल आमाको-जय !